# बाल अधिकार भनेको के हो ?

बालवालिकाहरूको शारीरिक, मानसिक, सामाजिक, तथा नैतिक विकासका लागी चाहिने न्युनतम आवश्यकताहरू जस्तै पोषिलो खाना, औषधी उपचार, माया स्नेह, संरक्षण र शिक्षा आदिनै बाल अधिकार हो । बाल वालिकालाई चाहिने आधारभुत आवश्यकताहरू नै बाल अधिकार हो । विसेष गरेर बाल अधिकारलाई ४ किसिमवाट हेर्न सकिन्छ ।

## क. बाँच्न पाउने अधिकार ।

सवै बालवालिकाको बाँच्न पाउने अधिकार छ । कुनै पनि कारणले बालवालिकाहरूको मृत्यु हुनवाट रोक्नु हामी सवैको कर्तव्य हो । यस अन्तर्गत बालवालिकाहरू स्वस्थ र सुरक्षित जन्मनका लागी गर्भवती आमाको सुरक्षा र स्याहार, जन्मेपछि रोगहरूसँग लडनका लागी खोप तथा आवश्यकता परेको समयमा उचित औसधी उपचार पाउने अधिकारहरू पर्दछन ।

## ख. विकास गर्न पाउने अधिकार।

कुनै पनि भेदभाव बिना नै बालबालिकाहरूले आफ्नो शारीरिक, मानसिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्दछ । यसका लागी सबै बालवालिकाहरूले शिक्षा पाउने, आफुले जानेको र रूची राख्ने खेलकुद्मा क्षमता अनुसार सहभागी हुन पाउने, सिप सिक्न पाउनुपर्दछ । यसैलाई नै बालबालिकाको विकास गर्न पाउने अधिकार भनिन्छ ।

## ग. संरक्षण पाउने अधिकार ।

बालवालिकाहरू शारीरिक, मानसिक हिसाबले हुर्कँदै गरेको अवस्थाका व्यक्तिहरू भएकाले उनिहरूलाई हाम्रो समाज घर तथा विस्वमा थुप्रै खतराहरू आईपर्न सक्दछन । ति सबै खतराजन्य परिस्थितीबाट उनिहरूलाई सुरक्षितगर्नु पर्दछ । यस अर्न्तगत उमेर नपुगेका बालबाललिकाहरूलाई श्रममा लाग्नबाट जोगाउने, बेचविखन, यौन दुर्व्यवहार, यौन शोषण, हिंसा, लडाई, झगडा, गरिबी, प्राकृतिक प्रकोप, र यसबाट उत्पन्न भएका अफ्ठ्याराहरू, कुलत, दुर्व्यसन आदिवाट उनिहरूले सुरक्षा पानुपर्ने अधिकारहरू पर्दछन ।

## घ. सहभागिता हुने अधिकार ।

बलवालिकाहरूले आफ्नो जिवनमा असर पर्ने विषय र गतिविधिहरूमा र त्यस सम्वन्धि निति निर्ययहरू गर्दा आफु सहभागी हुन र आफ्नो विचार राख्न पाउनुपर्दछ । बालवालिकाहरूले आफ्नो घर, टोल, समाज, विद्यालय, सस्था, समुह, राष्ट्र र अन्तराष्ट्रिय तहमा पनि बालवालिकाका विषयमा हुने छलफल,कुराकानी तथा नियम कानुन र कार्यक्रमहरू बनाउदा आफ्नो विचार ठीक तरिकाले ठिक ठाउमा राख्न पाउने अधिकार नै यस अधिकार भित्र पर्दछन ।

